# काठेखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

प.सः ०८०/८१
च.नः

## शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना !!!

प्रथम पटक सूचना प्रकाशन मितिः २०८०।०५।२२

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा २ को खण्ड घ (२), (६) र काठेखोला गाउँपालिको आर्थिक ऐन २०८० को दफा ६ तथा अनुसूची-३ बमोजिम आ.व. २०८०/०८१ का लागी यस गाउँपालिका क्षेत्रभित्रको कवाडी संकलन तथा निकासी गर्ने कार्य ठेक्कापट्टा बाट तोकीएको न्यूनतम रकमबाट वढाबढ प्रतिश्पर्धा गराई संचालन गर्ने गराउने गरी यस कार्यालयबाट निर्णय भएकाले ईच्छुक फर्म तथा व्यक्तिबाट तपशिलमा उल्लेखित विषय र सर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र गोप्य सिलबन्दी दरभाउपत्र आह्वान गरीन्छ ।

| क्र.सं. | विषय | कार्यालयले तोकेको न्यूनतम मुल्य | ठेक्का लाग्ने अवधी | बोलपत्र नं. |
|---|---|---|---|---|
| १ | यस गाउँपालिकाको क्षेत्रभित्र बाट निकासी भई जाने पुन प्रयोग हुने/नहुने कवाडी माल बस्तुहरु | रु. ५०,०००/- | २०८० असोज देखि २०८१ असार मसान्त सम्म | KRM/R-1/2080-081 |

<u>सर्तहरुः</u>

१-यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय सम्म बोलपत्र फाराम रु.१०००।- (एक हजार रुपैयाँ मात्र) भुक्तानी गरी यस काठेखोला गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ । सूचना प्रकाशन भएको मितिले १५ औं दिन ( अन्तिम दिन) सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट दिनको १२ बजे सम्म बोलपत्र फाराम खरीद गर्न सकिने छ।

२-प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ औं दिनको दिउसो २ बजे सम्म बोलपत्र दाखिला गर्न सकिने छ। सोहि दिनको दिउसो ३ बजे कार्यालय प्रतिनीधि र बोलपत्र दाताको रोहवरमा कार्यालयमा नै बोलपत्र खोलिनेछ। उक्त दिन बिदा परेमा त्यसको भोलि पल्ट बोलपत्र खोलिने छ। बोलपत्र दाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३-आफुले कबोल गरेको अंकको नेपाली नागरीक भए ५% र बिदेसी नागरीक भए १०% धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड, बागलुङमा रहेको धरौटी खाता नं ०२२०३०००००३००००००००२ मा जम्मा गरी सोको सक्कलै भोचर सहित पेस गर्नु पर्नेछ।

kathekholagahunpalika123@gmail.com

खगराज ...
प्रमुख प्रशासकीय अधिकृत

# काठेखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ

प.सः ०८०/८१ गण्डकी प्रदेश, नेपाल
च.नः

४-कार्यालयको छाप र कार्यालय प्रमुखबाट प्रमाणित नभएको दरभाउ पत्र फारामलाई मान्यता दिईने छैन। दरभाउ पत्र साथ नागरीकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म भए फर्म दर्ता प्रमाण पत्र, फर्म नविकरण, आय कर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु पेश गर्नु पर्नेछ।

५-जुन ब्यक्ति वा फर्मको नामबाट दरभाउ पत्र खरीद भएको हो सोही ब्यक्ति वा फर्मको नामबाट मात्र दरभाउ पत्र दर्ता गर्न सकिनेछ। अन्य ब्यक्ति वा फर्मबाट दर्ता गराईएको दरभाउ पत्रलाई मान्यता दिईने छैन।

६-प्रत्यक दरभाउ पत्रको छुट्टा छुट्टै खाममा आफुले कबोल गर्न चाहेको विषय वा शिर्षकको सूचनामा उल्लेखित बोल पत्र नं. सहित कामको विषय वा शिर्षक लेखि बोलपत्र सिलबन्दी गरी पेश गर्नु पर्ने छ।

७-दरभाउ पत्र सकारे बापत नियमानुसार आफुले बुझाउन पर्ने सम्पूर्ण रकम ठेकदार स्वयंले बुझाउन पर्ने छ। सम्झौताको लागी स्वीकृत दरभउ पत्र दाताले आफुले कबोल गरेको कुल रकम तीन किस्ता गरी बुझाउन सक्ने छ। यसरी बुझाउने किस्ता मध्ये प्रथम किस्ता बापत ५०% रकम सम्झौता गर्ने समयमा बुझाउन पर्ने छ। बाँकी रकमको हकमा नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८१ कार्तिक मसान्त सम्मको लागी जारी भएको अग्रिम भुक्तानी बैंक ग्यारेन्टी वा नगद जमानत पेश गर्नु पर्ने छ।

८-आफूले कबोल गरेको ठेक अंकको रकम एकमुस्ट अग्रिम बुझाउने दरभाउ पत्र दातालाई कबोल अंकको ५% सम्म छुट दिई संम्झौता गर्न सकिने छ। तर धरौटीको रकमलाई सो रकममा समाबेस गरीने छैन।

९-ठेकेदारले सम्झौता पत्रमा तोकिएको बस्तुहरुमा मात्र तोकए बमोजिमको दर रेटमा कर दस्तुर असुल गर्नु पर्ने छ। प्रचलित ऐन नियम कानुन सम्झौता र सूचनाको शर्तहरु विपरीत कार्य गरेमा जुनसुकै समयमा पनि कार्यालयले सम्झौता तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरीने छ।

१०-प्रचलित नियम विपरीत कर असुल गर्न वा एउटा स्थानिय तहले लिएको करको प्रमाण हुँदाहुँदै दोहोरो हुने गरी कर असुल गर्न पाईने छैन।

११-काठेखोला गाउँपालिकालाई तिर्नु पर्ने रकम तथा जिन्सी सामानहरु बकयौता देखिएमा त्यस्ता ब्यक्तिहरु र तीनका एकासंगोलमा रहेका परीवारको ब्यक्तिहरुको नाममा समेत बोलपत्र स्वीकृत गरीने छैन।

१२-दरभाउ पत्र स्वीकृत गर्ने, आंसिक स्वीकृत गर्ने र स्वीकृत नगर्ने सम्पूर्ण अधिकार काठेखोला गाउँपालिकामा सुरक्षित रहने छ।

१३-गाउँपालिकाले तोकेको कर संकलन केन्द्रमा कर दस्तुर उठाउने बस्तुको स्पस्ट मुल्य सूचि राख्नु पर्नेछ।

kathekholagahunpalika123@gmail.com

# काठेखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ

प.सः ०८०/८१ गण्डकी प्रदेश, नेपाल

च.नः

१४-ठेक्का अवधि समाप्त भए पछि कर चुक्ता गरेको प्रमाण पत्र पेश गरेपछि मात्र धरौटी रकम फिर्ता दिईनेछ।

१५-बन्द हड्ताल चक्काजाम वा अन्य कुनै कारण देखाई कार्यालयमा मिनाहा माग गर्न पाईने छैन।

१६- नेपाल सरकार प्रदेश सरकार र यस कार्यालयबाट समय समयमा दिईएको नीति निर्देशनहरु पालना गर्नु सम्बन्धित ठेकदारको कर्तव्य हुनेछ।

१७-नेपाल सरकारको कुनै पनि निकायले संचालन गरेको सवारी साधनमा उल्लेखित कर लगाउन पाईने छैन।

१८-ठेक्का सम्वन्धी कुनै बिबाद भएमा आपसी सहमतिबाट टुङ्गो लगाईने छ।यदि सहमति हुन नसके गाउँपालिकाको निर्णय अन्तिम हुने छ।

१९-ठेकदारले बोलपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गर्नको लागी कार्यालयमा सम्पर्क गरी सक्नु पर्ने छ।तोकिएको अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरी नियमानुसार ठेक्का ब्यवस्थापन प्रक्रिया अगाडी बढाईनेछ।

२०-बोलपत्र सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालयमा सम्पर्क गर्न सकिने छ।करको दर रेट बोलपत्र फाराममा उल्लेख हुने छ।

२१-प्रारम्भिक वातावरणीय परीक्षणबाट औल्याईएका सुझावहरुलाई पालना गर्नु पर्नेछ।

२२यसमा उल्लेख नभएको थप कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

2080-04-22

खगराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

खगराज गौतम
प्रमुख प्रशासकीय अधिकृत